# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८१/०८२
च.नं.

नदिजन्य पदार्थको विक्रिका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/१/३०

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८ बमोजिम खजुरा खोलाबाट ०८१/१०/२३ मा जिल्ला अनुगमन टोली र नगरपालिका समेतको संयूक्त अनुगमनको सन्दर्भमा जफत गरी वडा नं ५ स्थित जीतपुर प्रा.वि. र वडा नं ५ को कार्यालयमा स्टक रहेका ढुँगा तथा ग्रावल लिलाम विक्रि गर्ने सम्बन्धि नगरकार्यपालिका वैठकको मिति ०८२/१/२७ को निर्णयअनुसार नदिजन्य पदार्थ विक्रिका लागि सूचना प्रकाशन गरिएकोले इच्छुक फर्म वा कम्पनीरुले तपसिल बमोजिमका शर्तको अधिनमा **रही १५ दिनभित्र** सिलबन्दी प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । फर्म वा कम्पनी तथा संस्थाले नविकरण प्रमाणपत्र, मूल्य अभिवृद्दि कर/प्यान दर्ता प्रमाणपत्र र आ.व.०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ ।

तपसिल

| क.स. | नदिजन्य पदार्थ स्टक रहेको स्थान | जम्मा परिमाण घन मि. | जम्मा परिमाण घन फुटमा | न्युनतम रेट घन फुटमा रु भ्याट वाहेक | न्युनतम शिलबन्दी रकम रु मु.अ.कर वाहेक | कै |
|---|---|---|---|---|---|---|
| १ | जीतपुर प्रा.वि. परिसर वडा नं ५ मा भएको ग्राबल | ९३.०७ | ३२८६.७३ | १७ | ५५८७४.५६ | |
| २ | वडा नं ५ को कार्यालय परिसरमा भएको ग्राभेल | ४०९.०३ | १४४४४.७७ | १७ | २,४५,५६१.११ | |
| ३ | जीतपुर प्रा.वि. वडा नं ५ परिसरमा भएको ढुँगा | ४३७.८१ | १५४६१.१२ | १७ | २,६२,८३९.१८ | |

नोटः जफत भएका नदिजन्य पदार्थ विक्रिको सन्दर्भमा नगरपालिकाको निर्णयअनुसार रोयल्टी दर प्रति घनफिट रु १७ मू.अ.कर वाहेक निर्धारण गरिएको छ उल्लेखित न्युनतम सिलबन्दी रकममा १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रिम आयकर लाग्नेछ । १ घनमिटर वरावर ३५.३१४७ घनफुट हुनेछ

**शर्तहरु**

*१. कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम तोकिएको दस्तुर रु १००० रकम एन आइ सी एसिया वैंक वर्दघाट शाखामा रहेको राजश्व खाता . नं ०८३२०५००२८२११००२ जम्मा गरेको भौचर सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका सिलवन्दी दरभाउपत्र पानामा सही छाप, फर्मको नाम, ठेगाना र कवोल अँक इत्यादी विवरण* ***मिति ०८२/२/१३*** *गते कार्यालय समय भित्र भरी पेश गर्न सकिने छ ।*

*२ .पेश भएका टेण्डरहरु मिति ०८२/२/१४ गते* ***दिनको १:०० वजे*** *ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो समयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।*

*३. टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।*

*४. बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेखु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।*

२०८२/१/३०

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२
च.नं.

५. धरौटी वापत कवोल अंकको **Vat समेतको १० प्रतिशले** हुने तोकिएबमोजिमको रकम एन आइ सि एशिया बैंक वर्दघाट शाखामा रहेको हि.नं ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन । वोलपत्र फाराम भर्नु अघि सम्बन्धित क्षेत्रमा रहेको नदिजन्य पदार्थको स्टकको भेरिफिकेशन ठेकेदारको तर्फबाट समेत गर्नुपर्नेछ ।

६. ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ ।

७. टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र मूल्य अभिवृद्धि कर vat बापतको रकम वर्दघाट नगरपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा **१०० प्रतिशत नगदै वा ५० प्रतिशत नगद र ५० प्रतिशतको मान्यता प्राप्त बैङ्कको बैंक ग्यारन्टी पेश गर्नु पर्नेछ । दोश्रो किस्ता रकम समेत २०८२ आषाढ १५ भित्र दाखिला गर्नु पर्नेछ अन्यथा बैंक ग्यारन्टी बाट असुल उपर हुनेछ ।**

८. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. ठेक्का कवोल गर्ने ठेकेदारले रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी आएमा कानुन बमोजिम कारवाही गरिनेछ ।ठेकेदारले विक्रि गर्ने नदिजन्य **पदार्थहरु सूर्योदय देखि सूर्यास्त सम्मको अवधिमा विद्यालयमा रहेको स्टकको हकमा विद्यालय चलेको समयमा वाहेकको अतिरिक्त समयमा मात्र बेचविखन गर्नुपर्नेछ र ०८२ आषाढ १५ भित्र स्टक खाली गरिसक्नुपर्नेछ । उपरोक्त ३ वटै स्टकको एक मुष्ट मूल्यांकन गरी एउटै कम्पनी संग सम्झौता गरिनेछ, अलग अलग सम्झौता गरिनेछैन** साथै सम्बन्धित वडा समिति संग समन्वय गरी जुन वडामा स्टक रहेको नदिजन्य पदार्थ हो सोही वडाको विकास निर्माणको लागि विक्रि गरी बाँकी रहेको स्टक नगरपालिकाका अन्य वडामा मात्र वाहिर विक्रि गर्न पाइनेछ ।

१०. ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

११. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

१२. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१३. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन ।

१४. बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेब साइट www.bardaghatmun.gov.np तथा कार्यालय समय भित्र कार्यालयको फोन नं०७८ .-५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

२०८१।१।३०

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय नवलपरासी (बसुप)

श्री जिल्ला समन्वय समिति नवलपरासी बसुप)

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपरासी बसुप)

(सम्बन्धित कार्यालयमा सूचना टाँस गरी जानकारी पठाइदिनुहुन)

श्री सूचना प्रविधि शाखा बर्दघाट नगरपालिका (वेवसाइट मार्फत सूचना सार्बजनिक गरिदिनुहुन)

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी

| ठेक्का |
|---|

| टेण्डर |
|---|

## बर्दघाट न.पा.को नदिजन्य पदार्थ विक्रि ठेक्काको वोलपत्र फाराम

सूचना प्रकाशित मितिः २०८२।१।३० गते

| सि.नं. | विवरण | कबोल अंक (भ्याट तथा अग्रीम आय कर वाहेक) | | | धरौटी रकम रु भ्याट समेतको कवोल अँकको १० प्रतिशत | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| १ | जीतपुर प्रा.वि. परिसर वडा नं ५ मा भएको ग्राबल | ५५८७४.५६ | | | | |
| २ | वडा नं ५ को कार्यालय परिसरमा भएको ग्राभेल | २,४५,५६१.११ | | | | |
| ३ | जीतपुर प्रा.वि. वडा नं ५ परिसरमा भएको ढुँगा | २,६२,८३९.१८ | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–नाम, थर :–

ठेगाना :–

सम्पर्क नं :-

२०८२।१।३०

प्रमुख प्रशासकीय अधिकृत